# विशेष सरकारी वकील कार्यालय
## माईतिघर, काठमाडौं

### चमेनागृह सञ्चालन सम्बन्धी सूचना

मितिः २०८२/०४/२७

विशेष सरकारी वकील कार्यालय, काठमाण्डौं र जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौंको एकीकृत कार्यालय भवनमा दुवै कार्यालयका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी एवम् सेवाग्राहीको सुविधाका लागि आ.व. २०८२/०८३ सम्म सञ्चालन गर्न नियमानुसार दर्ता भएका इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही खाना तथा खाजाको परिकार र परिमाणको दररेट सम्बन्धी प्रस्ताव खामबन्दी गरी यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सूचित गरिन्छ । चमेनागृह सञ्चालन गर्ने सम्बन्धी थप शर्तहरुको जानकारीको लागि र खाना तथा खाजाको परिकार र परिमाणको विवरण प्राप्त गर्न यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराइन्छ ।

**तपशिलः**

१. यस कार्यालयले तयार गरेको खाना र खाजाको परिकार र परिमाणको विवरण फाराम खरिदका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलको राष्ट्रिय वाणिज्य बैङ्क, टेकु शाखाको राजश्व खाता नं. १४२२९ र कार्यालय कोड नं. ३०१०१३५०४, मा रु.१०००।–(एक हजार रुपैँया मात्र) जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ ।

२. प्रस्ताव साथ फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र आवश्यक अन्य कागजातहरु स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

३. प्रस्ताव फाराममा दररेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । रीत नपुगेका र नबुझिने गरी केरमेट गरी पेश गरेको प्रस्तावलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

४. बजार मुल्य समेतका आधारमा चमेनागृहमा उपलब्ध हुने परिकार, परिमाण र दररेटमा इच्छुक फर्महरुबाट प्राप्त भएको प्रस्तावमा उक्त परिकारको दररेट अत्यन्त न्यून तथा अस्वभाविक देखिएमा उक्त प्रस्तावलाई अमान्य तथा अस्वीकृत गरिनेछ ।

फोन नं: ५३२७९६५, ५३२८६५८, ५३२८४९३
ईमेलः sgao@ag.gov.np, info.sgaonepal@gmail.com

५. यस कार्यालयमा पेश भएका प्रस्तावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १४:०० बजेको समयमा यस कार्यालयमा खोलिने छ। ८ औं दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सोही समयमा खोलिनेछ।

६. प्रस्तावको मूल्याङ्कन ईकाईगत रुपमा नभई एकमुष्ट पेश गरेको मूल्यलाई आधार लिईनेछ।

७. कार्यालय र सञ्चालक बीच सम्झौता गर्नु अघि सञ्चालकले कार्यालयले तोकिदिए बमोजिम रु. ५०,०००। (अक्षरुपी पचास हजार रुपैंया मात्र) धरौटी जम्मा गर्नु पर्नेछ।

८. प्रचलित परिमाण भन्दा घटी नहुने गरी चमेनागृहबाट उपलब्ध गराईने खाद्य परिकार स्वस्थ तथा गुणस्तरयूक्त हुनु पर्नेछ। खाद्य परिकारको परिमाण, स्वस्थ तथा गुणस्तर एवम् चमेनागृह वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुनेछ । पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा जुनसुकै बखत कार्यालयले एकतर्फि रुपले सम्झौता रद्द गरी सञ्चालकलाई हटाउन सक्नेछ।

९. चमेनागृह सञ्चालन गरेवापत मासिक रु. ५,०००।– (पाँच हजार रुपैँया मात्र) राजश्व जम्मा गर्नु पर्नेछ।

१०. सरसफाई प्रयोजनको लागि पानी कार्यालयले उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।

११. चमेनागृहका लागि जडान भएको छुट्टै विद्युत सब मिटरमा उठेको बिलको भुक्तानी गर्ने दायित्व चमेनागृह सञ्चालकको हुनेछ।

१२. चमेनागृहका लागि आवश्यक पर्ने टेबुल, कुर्सी तथा भाडा वर्तनको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।

१३. चमेनागृह सञ्चालनको अवधि पहिलो पटक २०८३ असार मसान्तसम्म कायम रहने छ। त्यसपछि प्रत्येक आ.व. को लागि नविकरण गर्ने वा पुनः खरिद प्रकृयामा जाने अधिकार कार्यालयमा रहनेछ।

१४. थप जानकारी आवश्यक परेमा ०१-५३२७९६५ मा फोन सम्पर्क गर्न सकिने छ वा कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ।

१५. अन्य कुरा सम्झौता बमोजिम हुनेछ।

| क्र.सं. | विवरण | परिमाण | मुल्य रु. |
|---|---|---|---|
| १. | म:म (Veg/Paneer/Chicken/Mutton) | प्रति प्लेट (१० पिस) | |
| २. | चाउमिन (Veg/Egg/Chicken/Mixed) | प्रति प्लेट | |
| ३. | रोटी (गहुँ) | प्रति पिस | |
| ४. | भेज खाजा (चिउरा, भटमास, अचार, आलु, चना) | प्रति सेट | |
| ५. | चिकेन खाजा (चिउरा, भटमास, अचार, आलु, चना, चिकेन) | प्रति सेट | |
| ६. | मटन खाजा (चिउरा, भटमास, अचार, आलु, चना, मटन) | प्रति सेट | |
| ७. | खिर | प्रति प्लेट | |
| ८. | चाउचाउ फ्राई/चाउचाउ सुप | प्रति प्लेट | |
| ९. | Sandwich (Cheese/Chicken) | प्रति २ पिस | |
| १०. | सेल रोटी | प्रति पिस | |
| ११. | जेरी | प्रति पिस | |
| १२. | पुरी | प्रति पिस | |
| १३. | समोसा | प्रति पिस | |
| १४. | आलु चप | प्रति पिस | |
| १५. | Veg/Paneer पकौडा | प्रति पिस | |
| १६. | खाना भेज (भात, दाल, तरकारी, साग, अचार, पापड, सलाद) | प्रति सेट | |
| १७. | खाना चिकेन (भात, दाल, तरकारी, साग, अचार, पापड, सलाद, चिकेन) | प्रति सेट | |
| १८. | खाना मटन (भात, दाल, तरकारी, साग, अचार, पापड, सलाद, मटन) | प्रति सेट | |
| १९. | खाना फिस (भात, दाल, तरकारी, साग, अचार, पापड, सलाद, फिस) | प्रति सेट | |
| २०. | उसिनेको मकै (प्रति घोँगा/प्रति प्लेट) | प्रति सेट | |
| २१. | मिक्स फलफुल | प्रति प्लेट | |
| २२. | डोनट (सादा/क्रिम) | प्रति पिस | |
| २३. | जाम ब्रेड | प्रति २ पिस | |
| २४. | टोस्ट (प्लेन/बटर/अमलेट) | प्रति पिस | |
| २५. | केक | प्रति पिस | |
| २६. | प्लेन लस्सी | प्रति गिलास | |
| २७. | Banana लस्सी (काजु र बदाम सहित) | प्रति गिलास | |
| २८. | Soft Drinks | प्रति बोतल | |

फोन नं: ५३२७९६५, ५३२८६५८, ५३२८४९३
ईमेल: sgao@ag.gov.np, info.sgaonepal@gmail.com

| | | | |
|---|---|---|---|
| २९. | Hot Drinks(Black tea/Milk tea/Black coffee/Milk coffee/Hot lemon) | प्रति कप | |
| ३०. | Soup (Veg./Mushroom/Chicken) | प्रति बोतल | |
| ३१. | दही | प्रति कप | |
| ३२. | दुध | प्रति गिँलास | |
| ३३. | अण्डा (Boil/Omelette) | प्रति पिस | |
| ३४. | झोल तरकारी | प्रति बउल | |
| ३५. | खसीको भुटन | प्रति प्लेट | |
| ३६. | आलु | प्रति प्लेट | |
| ३७. | चना | प्रति प्लेट | |
| ३८. | मासु (चिकेन/मटन) | प्रति प्लेट | |
| ३९. | माछा | प्रति प्लेट | |
| ४०. | परौठा | प्रति प्लेट | |
| ४१. | छोयला(चिकेन/हाँस) | प्रति प्लेट | |
| ४२. | बारा(Veg/Egg/Chicken) | प्रति पिस | |
| ४३. | Burger(Veg/Chicken) | प्रति पिस | |
| ४४. | समोसा चाट | प्रति प्लेट | |
| ४५. | चिउरा | प्रति प्लेट | |
| ४६. | थुक्पा (Veg/Chicken/Egg/Mixed) | प्रति प्लेट | |
| ४७. | चिकेन पाङ्ग्रा | प्रति प्लेट | |
| ४८. | टुसा उमारेको मुङ्ग | प्रति प्लेट | |
| ४९. | टुसा उमारेको चना | प्रति प्लेट | |

फोन नं: ५३२७९६५, ५३२८६५८, ५३२८४९३
ईमेल: sgao@ag.gov.np, info.sgaonepal@gmail.com